म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ८८ २०८१ फागुन ३ गते शनिबार 15 February 2025, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

**फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।**

- घरवरिपरी तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
- फोहोरलाई डस्बिन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,
- सकेसम्म प्लाष्टिक प्रयोग नगरौं,
- प्लाष्टिक तथा अन्य फोहोरलाई नजलाऔं,
- कुहिने, नकुहिने र पुनः प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाँडामा फोहोर राखौं ।

फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडा उपमहानगर बालमैत्री घोषणा

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगर पालिकालाई बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गरिएको छ। बिहीबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा आयोजित एक समारोहका बीच उपप्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले हेटौंडालाई निकृष्ट बालश्रम मुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिका घोषणा गरेका हुन् ।

करिव ३ वर्षको गृहकार्य पश्चात हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गरिएको हो । घोषणा सभा समारोहमा नगरका सबै सरकारी निकाय, विद्यालय, सामुदायिक संघसंस्था लगायतको सहभागिता रहेको थियो । शहरका विभिन्न भागबाट प्रभातफेरिसहित नगर परिक्रमा गर्दै रंगशालामा पुगेको थियो ।

बालमैत्री घोषणाका लागि आवश्यक ५१ मध्ये ४३ वटा सूचकमा शतप्रतिशत र अन्य सूचकमा आवश्यक नतिजा हासिल गर्दै घोषणाको अवस्थामा आइपुगेको उपमहानगरपालिकाले दावी गरेको छ । बागमती प्रदेशमा बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा हुने हेटौंडा दशौं पालिका हो । मकवानपुरका १० पालिकामध्ये मनहरी गाउँपालिका, बकैया गाउँपालिका र मकवानपुरगढी गाउँपालिका यसअघि नै बालमैत्री घोषणा भइसकेका छन् ।

बालमैत्री घोषणाको विभिन्न चरणमा उपमहानगरपालिकाका १९ वटै वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएका थिए । यस क्रममा २६५ वटा टोलस्तरीय र १०६ वटा विद्यालयस्तरीय गरी ३७१ बाल समूह तथा १९ वडास्तरीय र १ नगरस्तरीय बाल समूह सञ्जाल उपमहानगरपालिकाभित्र क्रियाशील रहेका छन् । घरधुरी तथ्यांक संकलन सर्वेक्षण, २०७९ का अनुसार हेटौंडा उपमहानगर पालिकामा १८ वर्ष मुनिका बालबालिकाको संख्या ५० हजार १९५ रहेको छ ।

बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा सभामा साँस्कृतिक नाच प्रदर्शन गरिएको थियो । सभामा हेटौंडा-२, १२ र १८ ले क्रमशः साँस्कृतिक नाच प्रदर्शन गरेका थिए । हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका छात्रछात्राहरुले राउटे समुदायको नाच देखाएका थिए । राउटे समुदायको जीवन, संघर्ष रहनसहन र संस्कृति लगायतका विषयहरु समेटेर नाच देखाइएको थियो । त्यस्तै हेटौंडा-१२ को बाल समूहका बालबालिकाले भुमे नाच प्रदर्शन गरेका थिए । मगर समुदायले नाच्ने उक्त नाच साँस्कृतिक रुपमा अत्यन्त महत्वपूर्ण रहेको छ ।

हेटौंडा-१८ का बालबालिका समूहले भने विशेषगरी कोशी प्रदेशमा नाचिने संगिनी नाच प्रदर्शन गरेका थिए । हिन्दु नारीहरुले हरितालिका तीजको समयमा नाचिने उक्त लोपोन्मुख नेपाली लोक संगीत संगिनी नाचबाट महिलाहरुले आफ्ना दुःख पीडाहरु बयान गर्ने गर्दछन् ।

## बजेटमा स्थानीय तहसँग समन्वय आवश्यकः मन्त्री महर्जन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले बजेटको सन्दर्भमा स्थानीय तहसँग समन्वय गर्न आवश्यक रहेको बताउनुभएको छ । शुक्रबार नेपाल बिजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदुर युनियन (क्यूपेक) जिल्ला कमिटी मकवानपुरको आठौं अधिवेशनको उद्घाटन गर्नुहुँदै मन्त्री महर्जनले ऐन कानुन आउँदा मजदुरको सामाजिक सुरक्षाको सन्दर्भमा बजेट विनियोजन गर्न नसकेको बताउनुभएको हो ।

प्रदेशले श्रमिकको हत हितका लागि छलफल गरेको मन्त्री महर्जनले बताउनुभयो । जनप्रतिनिधिहरुबीचमा इच्छाशक्ति जाहेर गरेर मजदुर वर्गको हित गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । जनप्रतिनिधिहरुले आफूमा भएको नकारात्मक कुरालाई न्यूनीकरण गर्ने कामलाई तीव्रता दिन आवश्यक रहेको उहाँको भनाइ छ । २२ लाख नेपालीले सवारी चालक अनुमतिपत्र (लाइसेन्स) नपाएको अवस्थामा नागरिक एपबाट लाइसेन्स देखाउन मिल्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

मन्त्रालयको तर्फबाट आफूहरुले काम गर्ने अभियान लिएको उहाँले बताउनुभयो । युवा र श्रमिकको हतहितका लागि प्रतिनिधिसँग जोडेर कार्य प्रक्रियालाई अगाडि बढाइएको उहाँले बताउनुभयो । श्रमिकको अधिकार, भोग्नु परेको पीडालाई सम्बोधन गर्ने ऐन बागमती प्रदेशमा बन्न नसकेको उहाँले बताउनुभयो । कक्षा-१२ उत्तीर्ण गरेको विद्यार्थीका लागि आइटीसम्बन्धी ८ महिने तालिमको व्यवस्था मिलाउने उहाँले बताउनुभयो । बागमती प्रदेशका करिब एक हजार युवालाई तालिम दिएर रोजगारी प्रदान गर्ने लक्ष्य लिएको उहाँले बताउनुभयो । तालिम लिएका युवाहरुले ५० हजारभन्दा अधिक तलब लिनसक्ने क्षमताको विकास हुने उहाँको भनाइ छ ।

नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेलले श्रमिकले श्रमअनुसारको ज्याला नपाएको र रोजगारीमा समस्या भएको बताउनुभएको छ । सामाजिक अभियन्ताको रूपमा एमालेको भातृ संगठन लागेको अध्यक्ष पोखरेलले बताउनुभयो । मजदुर वर्गको हकहितका लागि एमाले पार्टी लागिरहेको उहाँले बताउनुभयो । राजनीतिक परिवर्तनले मात्र मुलुक परिवर्तन नहुने भन्दै त्यसका लागि आर्थिक परिवर्तन हुनुपर्नेमा उहाँको जोड थियो । जोखिमयुक्त कममा लागिरहेको मजदुर वर्गको श्रमको मूल्यांकन नभएको उहाँको भनाइ छ ।

जिफन्ट बागमती प्रदेशका उपाध्यक्ष अर्जुन अर्यालले श्रमिकको विकास हुने कामको विषयमा समीक्षा गर्नुपर्ने बताउनुभयो । नेपाली मजदुरको छाता संगठन जिफन्ट रहेको अर्यालले बताउनुभयो । यो संगठनले श्रमिकको हकहितका लागि काम गरिरहेको उहाँको भनाइ छ । देशको ९५ प्रतिशत जनता श्रमिक वर्गमा रहेको उहाँले बताउनुभयो । प्रविधिको कारणले श्रमिक मारमा परिरहेको भन्दै उपाध्यक्ष अर्यालले रोजगारीको सुनिश्चिता गर्दै गर्दा प्रविधिको कारण श्रमिक वर्ग पछाडि रहेको बताउनुभयो । यस विषयमा प्रदेश सरकारले अनुगमन गर्नुपर्ने उहाँको धारणा थियो । योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था भएपनि औपचारिक क्षेत्रका श्रमिकहरूका लागि मात्रै व्यवस्था भएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

### 'अध्यक्षमा विश्वकर्मा सर्वसम्मत

हेटौंडाः नेपाल बिजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदुर युनियन (क्यूपेक) जिल्ला कमिटी मकवानपुरको अध्यक्षमा बुद्धबहादुर विश्वकर्मा चयन हुनुभएको छ । शुक्रबार हेटौंडा-५ स्थित पिप्ले पोखरा सामुदायिक वन उपभोक्ता समूहको सभाहलमा भएको आठौं जिल्ला अधिवेशनले सर्वसम्मत विश्वकर्माको अध्यक्षतामा १९ सदस्यीय कमिटी चयन गरेको छ ।

उपाध्यक्षमा इन्द्रबहादुर तामाङ, सचिवमा पूर्णबहादुर बराल, सहसचिवमा दुर्गाबहादुर वाइबा र कोषाध्यक्षमा पुरुषोत्तम श्रेष्ठ चयन हुनुभएको छ । नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ वर्षको रहनेछ ।

क्युपेक मकवानपुरका निवर्तमान अध्यक्ष प्रल्हाद राईको सभाध्यक्ष तथा बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महजर्नको प्रमुख आतिथ्यमा उद्घाटन समारोह भएको हो । मकवानपुरको भीमफेदी गाउँपालिकाको प्रतिनिधित्व गर्ने सदस्य पदरिक्त भएकाले पछि मनोनित गरिने बताइएको छ ।

## स्वतन्त्र पत्रकार संघ मकवानपुरको अध्यक्षमा घिमिरे



समाज संवाददाता

हेटौंडा : स्वतन्त्र पत्रकार संघ मकवानपुरको अध्यक्षमा राजन घिमिरे (अनुराग) निर्वाचित हुनुभएको छ । शुक्रबार भएको चौथो अधिवेशनबाट घिमिरेको अध्यक्षतामा सर्वसम्मत नयाँ समिति चयन भएको हो ।

अधिवेशनबाट उपाध्यक्षमा रविन्द्र कार्की, सचिवमा बसन्त भण्डारी, कोषाध्यक्षमा अस्मिता भट्टराई चयन हुनुभएको छ । सदस्यमा नवीन चौधरी, सुमिना चौलागाईं र प्रमोद सहनी चयन हुनुभएको छ । नवनिर्वाचित समितिको कार्यकाल ३ वर्षको हुनेछ । संघका अध्यक्ष गोकुल अधिकारी, केन्द्रीय समिति उपमहासचिव सुरेश श्रेष्ठको उपस्थितिमा अधिवेशन भएको हो ।

नवनिर्वाचित अध्यक्ष राजन घिमिरेले नवनिर्वाचित समितिका पदाधिकारी, अग्रज र नयाँ पुस्ताका साथीहरुसँग परामर्श गरी स्वतन्त्र पत्रकारिताको प्रवर्द्धन, पत्रकारहरूको हकहित संरक्षण तथा संघलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । संघको गतिविधिलाई व्यवस्थित गर्दै नियमित बैठक, पत्रकारिता तालिम, कानुनी सहायता तथा डिजिटल प्रवर्द्धनलाई प्राथमिकता दिने निर्णय गरेको छ ।

अधिवेशनलाई सम्बोधन गर्नुहुँदै संघका संस्थापक अध्यक्ष सुरेश श्रेष्ठले संघको स्थापनाकालदेखि अहिलेसम्म अभ्यास बारे जानकारी गराउनुहुँदै पत्रकारिताको विश्वसनीयता कायम राख्न पत्रकारहरूले उच्च नैतिकता अपनाउनु पर्नेमा जोड दिनुभयो । उहाँले पत्रकारहरूको पेशागत सुरक्षाका लागि संघ अझ क्रियाशील बन्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै संघको नेतृत्वदायी भूमिकाबारे स्पष्ट दृष्टिकोण प्रस्तुत गर्नुभयो ।

संघका निवर्तमान अध्यक्ष गोकुल अधिकारीले स्वतन्त्र पत्रकारिताको सशक्तीकरणका लागि सबै पत्रकारहरू एकताबद्ध हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । संघलाई अझ सक्रिय र प्रभावकारी बनाउने उद्देश्यका साथ नयाँ कार्यसमिति चयन गरिएको उल्लेख गर्नुहुँदै अधिकारीले सहजै नेतृत्व हस्तान्तरण र नयाँ पुस्तालाई सहजीकरण गर्दै जानुपर्ने बताउनुभयो । नयाँ कार्यसमिति चयनसँगै स्वतन्त्र पत्रकार संघ मकवानपुरले आगामी दिनमा पत्रकारिताको गुणस्तर अभिवृद्धि, प्रेस स्वतन्त्रता प्रवर्द्धन र पत्रकारहरूको हकहित सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

## लागूऔषध खैरो हेरोइनसहित ६ जना पक्राउ

समाज संवाददाता

हेटौंडा : पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटेबाट मकवानपुर प्रहरीले लागूऔषध खैरो हेरोइनसहित ६ जनालाई पक्राउ गरेको छ । प्रहरीले बिहीबार २ जनालाई र बुधबार ४ जनालाई पक्राउ गरेको हो ।

बिहीबार राती १० बजेर १५ मिनेटको समयमा ९ ग्राम ७५० मिलिग्राम खैरो हेरोइनसहित प्रहरीले काठमाडौं जिल्लाको चन्द्रागिरी नगरपालिका-५, वनस्थलीका २६ वर्षीय प्रशान्त घले र मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-१, कुलेखानीका ३४ वर्षीय सुदीप थापा मगरलाई प्रहरीले पक्राउ गरेको हो । सुरक्षाजाँच गर्ने क्रममा वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको बा ४२ प ८३१७ नम्बरको मोटरसाईकल चालक घले र मोटरसाईकलमा सवार थापालाई प्रहरीले लागूऔषधसहित पक्राउ गरेको जनाएको छ । लागूऔषधसहित घले र थापा मगरलाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट ५ दिनको म्याद अनुमती लिई हिरासतमै राखेर अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै प्रहरीले बुधबार राती ९ बजेर ५५ मिनेटको समयमा लागूऔषध खैरो हेरोइनसहित ४ जनालाई पक्राउ गरेको छ । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा-१५ रातोमाटेबाट ४ ग्राम ९१० मिलिग्राम अवैध लागूऔषध खैरो हेरोइनसहित ४ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । पक्राउ पर्नेमा हेटौंडा-८ का २३ वर्षीय निखिल तिमल्सिना, २८ वर्षी भीमसेन पाण्डे, हेटौंडा-७ का २७ वर्षीय मन्जित गौतम र हेटौंडा-५ का २० वर्षीय साकार ढुंगेल रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो । वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको गरेको प्र २-०३-०२१ प ६३०८ नम्बर र बा प्र ०३-००५ प ९६६६ नम्बरको मोटर साइकल रोकेर सुरक्षाजाँच गर्ने क्रममा ४ ग्राम ९१० मिलिग्राम लागूऔषध खैरो हिरोइन फेला परेको प्रहरी नायव उपरीक्षक अर्यालले बताउनुभयो ।

उहाँका अनुसार शंकाको आधारमा उनीहरुको शरीर तथा मोटरसाइकल खानतलासीको क्रममा निखिल तिमल्सिनाले बायाँ खुट्टाको जुत्ताभित्र लुकाएर ल्याएको अवस्थामा खैरो हेरोइन फेला परेको थियो । सोधपुछ गर्ने क्रममा ४ जना मिलेर खरिद गरी ल्याएको बताएपछि प्रहरीले ४ जनालाई पक्रेको प्रहरी नायव उपरीक्षक अर्यालले बताउनुभयो । ४ जनालाई जिल्ला अदालत मकवानपुरबाट ७ दिनको म्याद थप अनुमति लिएर आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

### फरार प्रतिवादी पक्राउ

यसैबीच मकवानपुरप्रहरीले लागूऔषध खैरो हेरोइनको मुद्दामा फरार रहेका एकजना प्रतिवादीलाई पक्राउ गरेको छ । मकवानपुरको भीमफेदी गाउँपालिका-५, छवेलीका २४ वर्षीय रोहित मिजारलाई प्रहरीले शुक्रबार पक्राउ गरेको जनाएको छ । जिल्ला अदालत मकवानपुरले मिजारलाई ११ महिना १८ दिनको कैद हुने गरी फैसला सुनाएको थियो ।

|| बिशेष आकर्षण ||



हेटौंडा आईडल

हेटौंडा आईडल

Construction Expo-2

निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौर मा दोश्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव-२०८१ हुन गईरहेको छ । सोही अवसरमा **हेटौंडा आईडल** गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संघको कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एकप्रति फोटो सहित २०८१ फागनु २ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ ।

सम्पर्क :
निर्माण व्यवसायी संघ, मकवानपुर । हेटौंडा-४
सम्पर्क: ०५७-५२०८१६, ९८०६८०००८१ (दिपेश)

CONSTRUCTION EXPO-2

दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१

फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म

स्थान : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू

- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

# विद्यार्थीको पढाइमा मनोबल बढाउने सिर्जनात्मक उपायहरू



✍सीएम रिमाल

शिक्षा केवल किताबी ज्ञान हासिल गर्ने प्रक्रिया मात्र होइन, यो जीवनको आधारशिला पनि हो। विद्यार्थीको पढाइमा मनोबल उच्च राख्न सक्नुपर्छ, ताकि उनीहरू सधैं उत्साहित, जिज्ञासु र सक्रिय रहन सकून् । कतिपय अवस्थामा, विद्यार्थीहरु तनाव, डर वा अनिच्छाका कारण अध्ययनबाट टाढा रहने गर्छन् । यस्ता समस्यालाई समाधान गर्न हामीले सिर्जनात्मक उपायहरु अपनाउनु आवश्यक छ ।

विद्यार्थीहरू रमाइलो गर्न मन पराउँछन् । यदि सिकाइलाई खेलजस्तै बनाइयो भने उनीहरूको चासो स्वतः बढ्छ। उदाहरणका लागि, गणित सिकाउँदा सङ्ख्यात्मक खेलहरू खेल्न सकिन्छ, भाषा सिकाउँदा शब्द पहेलीहरु वा कहानी सिर्जनासम्बन्धी प्रतियोगिता गर्न सकिन्छ। यसरी सिकाइलाई मनोरञ्जनात्मक बनाउँदा विद्यार्थीहरु सिक्न प्रेरित हुन्छन् ।

पढाइलाई रोचक बनाउन कथाहरुको प्रयोग अत्यन्त प्रभावकारी हुन्छ। शिक्षणका क्रममा ऐतिहासिक, वैज्ञानिक वा सामाजिक घटनाहरूलाई रोचक कथाका रूपमा प्रस्तुत गरेमा विद्यार्थीहरू त्यसलाई सजिलै सम्झन सक्छन् । उदाहरणका लागि, गुरुत्वाकर्षण शक्ति सिकाउँदा न्यूटनको स्याउ खसेको कथा बताउँदा विद्यार्थीहरुलाई विषय सम्झन सजिलो हुन्छ ।

पढाइ मात्र किताबी जानकारीमा सीमित गर्नु हुँदैन । विद्यार्थीहरूलाई सिर्जनात्मक लेखन, चित्रकला, अभिनय वा अन्य कलात्मक गतिविधिमा संलग्न गराउने हो भने उनीहरूको रुचि बढ्छ । पाठ्यक्रमसँग जोडिएको नाटक वा चित्रकलाको प्रतियोगिता गराउँदा विद्यार्थीहरू गहिरो रूपमा सिक्ने मौका पाउँछन् । विद्यार्थीहरूलाई पढाइमा मनोबल बढाउन निरन्तर प्रोत्साहन आवश्यक छ । राम्रो प्रदर्शन गर्ने विद्यार्थीलाई पुरस्कार दिने, सानो(सानो उपलब्धिलाई सम्मान गर्ने, प्रशंसा पत्र दिने जस्ता उपायहरूले उनीहरूको आत्मविश्वास बढाउँछ । सकारात्मक प्रतिक्रिया र प्रशंसा प्राप्त गर्दा विद्यार्थीहरू अझ मेहनत गर्छन् ।

हालको डिजिटल युगमा पढाइलाई रोचक बनाउन प्रविधिको प्रयोग गर्न पनि सकिन्छ । इन्टरनेटमा रहेका शैक्षिक भिडियोहरू, इन्टरेक्टिभ एप्स, अनलाइन गेमहरू, रिभिजनका लागि प्रयोग गरिने सफ्टवेयरहरू जस्ता सामग्रीले विद्यार्थीलाई नवीन शैलीमा सिक्न प्रेरित गर्छ ।

विद्यार्थीहरू एक्लै पढ्न भन्दा समूहमा पढ्दा बढी सिक्छन् । समूहमा विचार(विमर्श, समस्या समाधान, परियोजनाहरूमा सहकार्य गर्दा उनीहरूको बौद्धिक विकास मात्र होइन, सामाजिक सीप पनि बढ्छ ।

विद्यार्थीहरूलाई पढाइमा रुचि बढाउन उनीहरूको सिकाइलाई वास्तविक जीवनसँग जोड्नुपर्छ । उदाहरणका लागि, वित्तीय साक्षरता सिकाउँदा घरको खर्च व्यवस्थापनबारे सिकाउनु, विज्ञान पढाउँदा घरमा प्रयोग गर्न सकिने प्रयोगहरू गराउनु जस्ता तरिकाले उनीहरूको जिज्ञासा बढाउन सकिन्छ ।

शिक्षक र विद्यार्थीबीच राम्रो सम्बन्ध भएमा विद्यार्थीहरू सिकाइप्रति खुला र सकारात्मक रहन्छन् । शिक्षणलाई दुई-तर्फी संवादका रूपमा विकास गरेमा विद्यार्थीहरू आफ्नो जिज्ञासा, शङ्का र समस्याहरू खुलस्त राख्न सक्छन् । यसले उनीहरूको आत्मविश्वास बढाउँछ ।

विद्यार्थीहरूको मनोबल बढाउन प्रेरणादायक भनाइहरू, सफलता कथाहरू तथा परामर्श दिन सकिन्छ । असफलता नै सफलता प्राप्त गर्ने एउटा खुड्किलो हो भन्ने सन्देश दिन सकेमा उनीहरू निराश हुँदैनन् ।

स्वस्थ शरीर र मन बिना विद्यार्थीले राम्रो अध्ययन गर्न सक्दैनन् । नियमित खेलकुद, योग, ध्यान तथा पौष्टिक भोजनले उनीहरूको ऊर्जा र एकाग्रता बढाउँछ । पर्याप्त आराम, उचित समय व्यवस्थापन तथा तनाव व्यवस्थापनका उपायहरू सिकाउने हो भने विद्यार्थीहरू पढाइमा थप उत्साहित रहन्छन् ।

विद्यार्थीको पढाइमा मनोबल बढाउने कार्य कुनै एकल उपायबाट सम्भव हुँदैन । खेल-खेलमा सिकाइ, प्रेरणादायक गतिविधिहरु, सिर्जनात्मक सोच, टेक्नोलोजीको प्रयोग, सकारात्मक वातावरण, र वास्तविक जीवनसँग सम्बन्धित सिकाइले विद्यार्थीलाई पढाइमा अझै नजिक ल्याउन सक्छ । जब विद्यार्थीलाई सिकाइ नै रमाइलो लाग्छ, तब उनीहरू स्वाभाविक रूपमा अध्ययनमा लागिरहन्छन् । शिक्षण पद्धतिलाई सिर्जनात्मक बनाउने हो भने मात्र विद्यार्थीहरूलाई ज्ञानको संसारमा डुब्न प्रेरित गर्न सकिन्छ ।

# साइबर अपराध

**कथा**



✍हलिमा खातुन

एउटा सहरमा एकजना रामबहादुर नामको व्यक्ति बस्थ्यो । राम बहादुर एकदमै दयालु गाउँको पीडालाई आफ्नो पीडा झैं सम्झन्थे । ऊ आफ्नो सहर हेटौंडाको एकदमै इमानदार र धनवान व्यक्ति थियो। ऊ आफुसँग भएको सम्पूर्ण धन सम्पत्तिलाई गरिबहरुको र पीडामा परेको पीडितका लागि खर्च गर्थे । उसको एउटा पनि सन्तान थिएन । उसले आफ्नो इच्छा पूर्तिका लागि आफ्नो भाइ श्याम बहादुरको तीनवटी छोरी मध्ये एउटी छोरी रितुका पालेको थियो। रामबहादुरकी श्रीमति एकदमै नरम हृदयकी थिइन् । उनीहरु आफ्नो जीवन एकदमै सुखमय बिताइरहेका थिए । एकदिन उसकी छोरी रीतुका विद्यालयबाट आएर घरमा आमाबुबालाई आइफोन किन्न अनुरोध गरिन् । उसको घरको आर्थिक अवस्था एकदमै राम्रो भएकाले उसको बुबाले एकै पटकमा आइफोन किनिदिनु भयो । उसको छोरीले एकदमै खुसीका राथ बुबालाई धन्यवाद दिइन् । उसको बुबाले उसलाई सम्झाउनु भयो 'हेर छोरी अहिलेको काल भनेको एकदमै साइबर अपराध बढी रहेको समय हो । तिमीले मोबाइललाई एकदमै सावधानीपूर्वक र इन्टरनेटको नियम कानुनमा रहेर चलाउनुपर्छ ।' छोरीले भनिन्, 'हुन्छ बुबा-म सावधानीपूर्वक चलाउँछु ।'

एकदिन छोरीले मोबाइल चलाउँछै गर्दा मोबाइलमा एउटा लिङ्क आयो । उनले उक्त लिङ्कमा थिचिन् त्यस लिङ्कमा चाँहि एकजना केटाले 'म तिम्रो छिमेकी विद्यालयका पढ्ने रमेश बहादुर हो । मैले तिमीलाई एक दिन विद्यालय जाँदै गर्दा स्टेशनरी सामग्री पसलमा देखेँ । मलाई तिमी एकदमै मन पर्‍यो । मैले तिमीलाई आफ्नो प्रेमिका बनाउन चाहन्छु। तिम्रो उत्तर के छ भन त ।' रितुकाले भनिन् मैले तिमीलाई चिनेको छैन म तिमीलाई कसरी उत्तर दिनु त ।' रमेशले भने, 'म तिमीलाई आफ्नो फोटो पठाउँछु। अनि तिमी मेरो तस्वीर हेरेर उत्तर देऊ हुन्छ । मैले तिमीलाई एकदमै चाहान्छु । म तिमी बिना बाँच्न सक्दिन । तिमीले मलाई सकारात्मक उत्तर दिएनौ भने म त मर्छु भनेको कुरा सुन्दा रीतुकाले उसको तस्वीर हेरिन र मनमनै सोचिन् केटा त राम्रै छ। मेरो पनि कुनै केटा साथी छैन। यदि मैले नाइ भनेँ भनेँ सायद ऊ मरि पो हाल्छ कि भनेर उनले हुन्छ भनिन् । रमेशले भन्यो, 'आइ लभ यु रीतुका' । रीतुकाले पनि भनिन्, 'आइ लभ यु टु ।' यो सुनेपछि रमेशले रीतुकालाई आफ्नो एउटा उनीहरु सामाजिक सञ्जालमा जोडिए। दुबैजना सधैं विद्यालयबाट आउने बितिकै मोबाइलमा कुराकानी गर्न थाले। यसो गर्दा गर्दै पाँच पहिना बित्यो ।

एकदिन रीतुकाको बुबाले रिदतुकालाई भने, 'छोरी तिमी आजभोलि धेरै मोबाइलमा ध्यान दिन थालेकी छौ । परीक्षामा पनि अङ्क ए प्लस बाट बी मा झरिरहेको छ । तिमी निकै नै कमजोर हुँदै गइरहेकी छौ । मैले तिम्रो मोबाइल यो तेस्रो त्रैमासिक परीक्षासम्म खोसिदिन्छु ।' यत्ति कुरा सुनेर ऊ झर्केर बुबालाई भनिन्, 'बुबा हेर्नु न मोबाइल नलिनुस् । मलाई अहिले मोबाइलबाट पढ्नु छ।' यो कुरा सुनेर बुबाले भन्नुभयो, 'तिम्रो विद्यालयमा म आज गएको थिएँ । तिम्रो कक्षा शिक्षकले भन्नुभएको थियो कि तिमीले आजभोलि राम्रो पढ्दैनौ रे । गृहकार्य गर्दिनौ रे। म तिमीलाई मोबाइल दिन्न । यदि तिमीले परीक्षामा ए प्लस लिएर आयौ भने अनि मात्रै मोबाइल दिन्छु ।" यति भनेर बुबा त्यहाँबाट मोबाइल लिएर जानू भयो । उनी आफ्नो कोठामा ढोका बन्द गरेर खाना नखाइकन एक्लै बस्न थालिन् । अनि राती राती त्यो मोबाइल बुबाको कोठाबाट चोरेर केहीबेर सधै कुरा गर्न थालिन् । यस्तै गर्दा गर्दै एक महिना अरू बित्यो ।

एक दिन उनीहरु कुराकानी गर्दै जाँदा रमेशले रीतुकालाई भने, 'सुन न रीतुका हाम्रो माया बसेको पनि ६-७ महिना हुन थाल्यो । अब हामीले बुबाआमालाई भन्नुपर्छ ।' रीतुकाले हुन्छ, आजै मेरो बुबालाई भन्नुपर्छ । रमेशले पनि हुन्छ भन्यो । रीतुकाले भोलिपल्ट बुबालाई भनिन् । रीतुकाको कुरा सुनेर एकदमै रिसाउनु भयो । तिमी अहिले भर्खरै १५ वर्षकी छौ । अहिले आफ्नो पढाइमा ध्यान नदिएर के यो प्रेमको लहै-लहैमा लागेको हो । अब तिम्रो मोबाइल, टिभि र बाहिर केटाहरुसँग बोलचाल पनि बन्द हुन्छ । बुबाले भन्नु भएको कुरा सुनेर उनी एकदमै रिसाएर, आफ्नो कोठामा गईन् र रातमा फेरी मोबाइल चोरेर रमेशलाई फोन गरेर भनिन्, 'मेरो बुबाले त मान्नु भएन अब के गर्ने ?' यो कुरा सुनेर रमेशले भन्यो । हामी भागौं न त हुन्छ ?

रीतुकाले पनि धेरै माया गर्थिन् उसले पनि हुन्छ भनिन् । त्यसपछि उनीहरु अघिल्लो दिन भाग्ने निर्णय गरे । अघिल्लो रातमा दुबै जना घर छोडेर भागे । अनि सहरको एउटा होटलमा गएर बसे । रीतुकाले बल्ल थाहा पाईन् रमेश त १६ वर्ष होइन ४० वर्षभन्दा जेठो बुढो मान्छे पो रहेछ । रितुकालाई सारै नमज्जा लाग्यो । उसको प्रेममा डुबिसकेको हुनाले फुत्कने उपाय पनि सोच्न सकिनन् । उसले पनि निकै माया गरेको जस्तो गर्थ्यो । यसरी नै उनीहरुको घर भन्दा बाहिर जीवन चल्दै थियो । रमेशले उसलाई फकाएर दिल्ली घुम्न जाने भनेर लग्यो र त्यही बेचे । रीतुका आफ्नो बुबाको कुरा सम्झेर एकदमै दुःखी भइन् र आफ्नो बुबा आमालाई सम्झिन् । उनी भर्खरै कक्षा-८ मा पढ्थिन् । उनलाई यो विपद्बाट बच्ने कुरा केही पनि थाहा थिएन । उनी ठूलो संकटमा परिन् । उपाय सबै शून्य थियो ।

अनेकौं प्रयासबाट उनी एकदिन त्यस ठाउँबाट भाग्न सफल भइन् । उनी बाटोमा जाँदै गर्दा केही लफङ्गा केटाहरुले उनलाई घेरेर बलात्कार गरे । उनलाई हत्या गरी घनघोर जङ्गल फालिदए । उनको बुबा आमाले प्रहरी कहाँ गएर गुहार मागे । उनकी छोरीलाई प्रहरीले खोज्न थाले । तर कतै पनि उनलाई भेटेन । एकदिन जंगलमा नजिकको गाउँलेहरु दाउरा लिन जाँदा रितुको मृत शरीर फेला पारेर प्रहरीलाई खबर गरे । प्रहरी त्यहाँ गएर रीतुकाको बारेमा पत्ता लगाएर उनको आमा बुबालाई खबर गरे । उनका आमा बुबा त्यहाँ पुगेर एकदमै दुःख मानेर रुन थाले । त्यसपछि आफ्नो छोरीको त्यो हालत देखेर उनको बुबा आमा बेहोस हुनुभयो । तुरुन्त अस्पताल पुऱ्यायो तर केही समयपछि उनको बुबाको मृत्यु भयो। उनको आमा एकदमै दुःखमा परिन् । उनलाई मानसिक रोगले सताउन थाल्यो। उनीहरुले रीतुकालाई आफैँले जन्माएको सन्तानलाई भन्दा बढी माया गरेर सानैदेखि पालेका थिए । रीतुकाको काकी आफैँसँग भएको सम्पत्तीलाई अब के गर्ने भनेर आफ्नो श्रीमानको इच्छालाई सम्झेर सबै सम्पत्तिलाई गरिबमा बाँडिन् । आफूले एउटा वृद्धाश्रम सञ्चालन गरी त्यस आश्रममा बस्न थालिन। त्यसपछि उनलाई उनको श्रीमान र छोराको यादले सताउँदा सताउँदै उनी एकदमै गम्भिर रोगले पीडित भएर काठमाडौं ठूलो अस्पतालमा आफन्तले उपचार गर्न थाले । डाक्टरले भने उनी अब बाच्दैनन् । उनको मनमा एकदमै पीडाले भरेकै कारण उनमा बाँच्ने इच्छा नै छैन भने । 'हामीले केही गर्न सक्दैनौ' डाक्टरले भने।' कुरा सुनेर आफन्त पनि एकदमै दुःखी भए । भगवानलाई सम्झे उनीहरुको सुन्दर परिवारलाई सम्झे । नभन्दै समयपछि उनको मृत्यु भयो । त्यसपछि उनका आफन्तहरूले उनको मृत शरीरलाई पहिले श्रीमानको शव जलाएकै ठाउँमा सुनसान विधिपूर्वक सद्गत गरे । परिवेश । सबै मौन थिए । सिमसिम वर्षा भइरहेको थियो । नदी पनि के अनौठो तरिकाले उर्लिरहेको थियो ।

*कक्षा-१०, श्रमिक मावि, हेटौंडा-४*

## चित्रकला





**दिपासना थापा**
**कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट**
**हेटौंडा-४**





**दिपेन घलान तामाङ**
**कक्षा-१०, आधुनिक राष्ट्रय मावि**
**हेटौंडा-४**

## गाउँखाने कथा

**१. आउँछ जान्छ पर्खदैन, कहिले पनि फर्कदैन ।**
- **समय**

**२. आकाशको आगो, पातालको पानी, हातले समाती मुखले तानी ।**
- **हुक्का**

**३. आकाशको मैदान रुखको घर, जमिनको अन्नपानी चुच्चोको भर ।**
- **चरा**

**४. आकाशमा उडेपनि चरी भनिदैँन, बुइ चढ्यो भने उसले दिन्छ भर ।**
- **हवाइजहाज**

**५. खान्न यसले चामल, दाल, नुन नूनपानी, कान समातेर घुमाउँदा फत्फताउँने बानी ।**
- **रेडियो**

# बाबाको संघर्षको कथा

**कथा**



✍समिरा मानन्धर

बाबा म जन्मदा पनि हजुर मेरो हुनुहुन्थ्यो । कारण पैसाको साथमा अभाव यति पैसाले गर्दा आज सम्म मैले बाबाको हात समाएर हिड्ने अवसर कहिल्यै पाइन । बाबाको साथमा हाँस खेल गर्न पाइन । मेरो पहिलो बोली फट्दा बाबा नै भनेको थिएँ रे, आमाले भन्नुभयो । सबै साथीका बाबाहरू साथीहरुलाई लिन विद्यालय आउँछन् । त्यो देखेर, मेरो गहभरी आँसु आउछ र कल्पना गर्छु । कास मेरो बाबा पनि घरमै भैदिएको भए हजुरको साथ समुन्द्र पारी गएर पनि हामीलाई खुशी दिनुभयो । मेरो हरेक चाहानाहरू पूरा गर्दै जानुभयो तर आफ्नो खुसी लुटेर आफ्नो शरीर बेचेर भएपनि केहि कुराको महसुस हुन दिनुभएन । हजुरलाई किन ति कुन शब्दले हार्दिक आभार व्यक्त गरौं । आज भोलि ठूलो भएर हजुरको ऋण तिर्न सकुला या नसकुला तर हजुरलाई मेरो लागि गर्नु भएको त्याग कहिल्यै भुल्ने छैना कहिले काहि त लाग्छ बाबा हाम्रो जिन्दगी पनि सारङ्गी फिल्म जस्तै हुने त होइन तर आशनमार्नु बाबा हजुर मेरो हौसला र साहस हो ।

*कक्षा-५, रेड रोज इंग्लिस बोर्डिङ स्कूल*

# मेरो प्यारो बुवा



**सर्वज्ञा घिमिरे**

हाम्रो बाबाको पनि पिताश्री हजुर नै हो मेरो प्यारो बुवा
शाकाहारीहरुले मासु भन्दा धेरै पोषिलो खान्छन् खुवा ।।

कसैले मलाई सोधे भने, संसारमै सबै भन्दा प्यारो को होला ?
जवाफमा मेरो बुवा बाहेक मैले अरु कसको नाम लिने होला ।।

बुवाले गर्दा नै बोल्न, हिँड्न, पढ्न लेख्न सिके मैले
वहाँको ज्ञानले नै म चेतनशील मानिस हुँ भनी बुझेँ ऐले ।।

दया नै धर्मको मूल हो भनी सिकाउनु भयो हामी सबैलाई
परोपकार नै हो असल कर्म गर्दछ यसले सबैको भलाई ।।

*कक्षा-७, जि.एस. निकेतन सेकेण्डरी स्कुल, हेटौंडा–५*

# ज्ञानकी देवी सरस्वती माता



**चाँदनी साह**

पुरस्तक हातमा दिएकी माता
समस्त ज्ञान र विद्याकी दाता

तिमीले हामीलाई सधैँ सही बाटो देखाउँछौं
नराम्रा कुराहरु त्यागेर राम्रो कुराहरु गर्न प्रेरित

वेदको सेतो पोशाक तिमीले लगाउँछौ
लिएर जीवनको वीणा हातमा हामी सबैलाई मोहित पार्छौ

तिम्रो साथभएपछि अहङ्कार माथी पनि विजयी
प्राप्त गर्न सकिन्छ
यो संसारमा एउटा सम्मानित पद प्राप्त गर्ने मौका पाइन्छ
तिमी हंसमा संभार भएर यो संसारमा ज्ञानको ज्योति छर्छौ
तिम्रो याद र सम्मानमा सरस्वती पूजाको पर्व खुशी साथ मनाउँछौ

*कक्षा-५, सिद्धार्थ शिशु सदन माध्यमिक विद्यालय*

# आकाशका तारा



**कृतिका उपाध्याय**

आकाशका तारा
आकाशमा छन् नौ लाख तारा
ढाकेका छौ तिमीले आकाश सारा
तिमी छौ एकदमै चम्किलो
सेतो रङ हो कि तिम्रो निलो ।

अँध्यारो रातलाई बनाउँछौ उज्यालो
तिमीलाई समाउन छैन सजिलो
तिमी हुन्छौ धेरै धेरै माथि
तिमी नै हौ चन्द्रमाको साथी ।

जब सारा तारा चम्चमाउँछौ
संसारलाई मोहित बनाउँछौ
जब आकाशमा तिमी उदाउँछौ
आकर्षक र मनमोहक देखिन्छौ ।

तिमी झैँ चम्किलो हुन्छ जुन
तिमीलाई हेर्दा मन लाग्छ छुन
मन लाग्छ चरी झैँ आकाशमा उड्न
आकाशमा पुगी तिमीलाई छुन ।

*कक्षा-५, नवोदय शिशु सदन, हेटौंडा-४*

# टुक्का



**कृष्ण कुमार वैद्य**

ठूला माछा पक्रेर देखाइयो रवीले,
के गर्ला सहोदर माछालाई छविले ?

कोही लाग्याछन् गठबन्धन थमाउन,
ठट्यौली बा थालेछन् उफ्रेर रमाउन ।

छलछाम गर्‍यो भने लाग्ला भन्थ्यो पाप,
हेर्नुस् पापीको नै यहाँ बढ्ता फलिफाप ।

नियन्त्रण गर्न खोज्दा झनै बल्झि गयो,
महाशक्ति सम्झेको कागजी बाघ भयो ।

ढुङ्गा पग्लिएला बरू फाट्न सक्ला धर्ती,
तितो लाग्दो रैछ स्वार्थीलाई मिठो अर्ती ।

बन्तीभाउ गर्दा किन भाको यति साह्रो,
स्वाद चाखेपछि सत्ता विना बाँच्न गाह्रो ।

मछुवारा हुन् माझी कहाँ इज्जत फाल्छ,
साना माछा त अख्तियारले पक्रि हाल्छ ।

सब जातजातिका आ-आफ्नै परिधान,
राष्ट्रको पोसाक माथि राख्नु होला मान ।

*बनेपा-९, काभ्रे*

# गजल



**सुजन विश्वकर्मा**

सबैले पाउँदैनन् बुबा आमा तक्दिर चाहिन्छ ।
बुझ्नेले आमा पुज्छन् नबुझ्नेलाई मन्दिर चाहिन्छ ।

बाँचुन्जेल दुइछाक खान धौधौ भएर मर्छन् यहाँ,
कस्तो बिडम्बना हो यो श्राद गर्न खिर चाहिन्छ ।

धेरै भयो ओठमा एक खिल्ली हाँसो च्याप्न नसेकेको,
सजिलै रुन सक्दिन त्यसैले तिम्रो तस्वीर चाहिन्छ ।

मूल्य बाँसुरीको हैन धुनको हुन्छ स्वादको हैन नुनको हुन्छ,
खास खेल जित्नेलाई हो,मन जित्नेलाई कहाँ अबिर चाहिन्छ ।

# सातको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: ज्ञान र बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुने समय छ । नयाँ प्रविधिसँग सामिप्यता प्राप्त होला । बोलीमा मिठास देखिन्छ । आय–आम्दानी ठिकै छ । स्वास्थ्यका दृष्टिकोणले सबल समय छ । आत्मविश्वासले थप सफलता प्राप्त होला । भोगवृत्तिमा अङ्कुश लगाउँदा राम्रैं रहन्छ । आन्तरिक प्रतिभाको प्रस्फुटन हुने समय योग छ । सिर्जनात्मक र रचनात्मक कार्यमा मन जाला । आध्यात्मिक क्षेत्रमा काममा मन जाने समय योग देखिन्छ ।

**वृष राशि**: समय ठिकै रहेको छ । प्रतिद्वन्द्वीहरुसँग सजगता अपनाउँदा राम्रो रहन्छ । गोपनीयता बाहिरीनाले समस्या पर्न सक्छ । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । कार्यक्षेत्र र प्रशासनिक कामकाजमा मन अशान्त बन्ला । विषयवस्तुमा ध्यानकेन्द्रित हुनसक्छ । साथीसंगीले काममा सहयोग गर्नेछन् । अध्ययन र अध्यापनका दृष्टिले कमजोर समय योग छ ।आध्यात्मिक एवम् सामाजिक काममा मन जाने समय छ ।

**मिथुन राशि**: रहनसहनमा नै परिवर्तन आउने समय छ । प्रतिद्वन्द्वीको योजना र चलखेल थाहा पाउनाले काम गर्न सजिलो हुनेछ । सामाजिक एवम् व्यवहारिक जिम्मेवारी थपिने योग छ । प्रतिष्ठित काम गरेर मन आकर्षित गरिएला । हाँके/ताकेका कामहरु बन्ने समय छ । सहकर्मी मित्रले सहयोगबाट काम बन्ने योग छ । अध्ययन–अध्यापनका कामहरुमा सफलता प्राप्त होला । आध्यात्मिक यात्रा योगमा सरिक भइने समय छ ।

**कर्कट राशि**: आर्थिक पक्ष सुदृढ रहनुका साथै विभिन्न स्रोतबाट आम्दानीमा वृद्धि होला । कार्यक्षेत्रमा बोली र कामको कदर हुनेछ । पारिवारीक माहोल पनि आनन्दप्रद नै देखिन्छ । धन, मान र प्रतिष्ठा कमाउने समय छ । प्रेमजीवनमा सुख एवम पठनपाठनका क्षेत्रमा मन जाने समय योग छ । अर्कोको भरमा व्यवहार गर्दा हानी पुग्न सक्छ । सापटीमा धन प्रवाह नगर्दा राम्रो रहने समय योग देखिन्छ । धार्मिक यात्रा होला ।

**सिंह राशि**: हरेक क्रियाकलापमा संयमताका साथ अघि बढ्दा राम्रो रहन्छ । बिछोडिएका आफन्तसँग भेटघाट होला । हैसियत र प्रतिष्ठामा बृद्धि हुने समय छ । हिम्मतले काम गर्न सकिने समय योग छ । व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग छ । मन उदासीन बन्ने समय योग रहेको छ । धार्मिक तथा सामाजिक काममा मन जाने समय योग छ । पढाइ–लेखाइ मध्यमकारक नै मान्नुपर्दछ ।

**कन्या राशि**: विश्वस्त र भरपर्दो व्यक्तिको भर नपर्दा हुने समय छ । विश्वास र निर्णयता मात्र अघि बढ्ने समय छ । धनको कारोबार गर्दा भरसक गोपनियतामा ध्यान दिनुपर्ला । आर्थिक पक्ष बाधक बन्ला । संघर्ष र चुनौती झेल्नुपर्ने समय योग छ । कार्यक्षेत्रबाट प्रशंसा प्राप्त होला । व्यापार–व्यवसाय मध्यमफलदायी छ । धार्मिक एवम् सामाजिक कार्यमा सरिक ।

**तुला राशि**: जिम्मेवारी थपिने समय छ । बढुवा वा पुरस्कार प्राप्त होला । सोँच र बुद्धिको उपयोग हुने समय छ । प्राविधिक क्षमताको विकास होला । नयाँ कार्य वा रोजगारी मिल्ने समय छ । ठूलाको आर्शीवाद प्राप्त हुने समय छ । प्रतिभा अनुसार अवसर मिल्ला । सहकर्मी साथीको सहयोगले काममा पूर्णता । स्वास्थ्यमा उतारचढाप आइपर्ला । धार्मिक यात्रा योगमा सरिक ।

**वृश्चिक राशि**: दायित्व र जिम्मेवारी थपिने समय छ । हाकिम वा गुरुवर्ग आदिको सान्निध्यता प्राप्त होला । सेवा चाकरमि पनि केही समय दिनुपर्ला । प्राविधिक कामबाट लाभ प्राप्त होला । प्रयासले रोकिएका कामहरु बन्नेछन् । कला, साहित्य, संगीतका काममा सरिक भइने समय छ । शिक्षार्थीका लागि मिहिनेत गर्नुपर्ला । धार्मिक एवम् सामाजिक काममा मन जाने छ ।

**धनु राशि**: मान्यजन र वरिष्ठ व्यक्तिसँग निकटता बढ्ला । कर्मप्रति समर्पित भइने योग रहेको छ । दीन दु:खी प्रति श्रद्धा र सहयोग बढ्ला । धार्मिक एवम् सामाजिक काममा समय दिनुपर्ने छ । यात्रा योगमा सरिक भइने छ । धनार्जनका दृष्टिले ठिकै समय छ । व्यापार–व्यवसाय मध्यम छ । प्रयासले नयाँ गति समात्ला । कडा परिश्रम र दृढ इच्छा शक्तिले काममा पूर्णता प्राप्त होला ।

**मकर राशि**: शरीरमा थकान र उत्साहमा कमी आउने समय छ । व्यापार–व्यवसाय मध्यम छ । कामको गुणस्तरमा अझैं सुधार गर्दा राम्रो रहने छ । कार्यक्षेत्र वा प्रशासनिक काम काजमा मन रमाउला । सामाजिक एवम् परोपकारी काममा मन जाने छ । दाजुभाइ र चेलिबेटीसँग सुमधुर सम्बन्ध होला । पठनपाठनको क्षेत्र ठिकै छ । धार्मिक यात्रा योगमा सरिक ।

**कुम्भ राशि**: रोमाञ्चकता र उत्कण्ठाले भरिपूण समय छ । आनन्द र मस्तीमा र माइएला । मन भावुक र संवेदनशील बन्ला । नियमित कामधन्धाले दिकदारी र चिडचिडेपन बढ्ने छ । स्वास्थ्य र शरीरको अर्न्तसम्बन्धलाई बुझ्ने प्रयास गर्नुपर्ला । आर्थिक कारोबारले ठिकै समय छ । उत्सुक र आशावादी बन्ने समय छ । धार्मिक एवम् सामाजिक काममा समय व्यतित होला ।

**मीन राशि**: प्रकृतिमा समय बिताउँदा छटपटी र निराशाको अन्त्य हुनेछ । आफन्तको इच्छा र चाहनालाई बेवास्ता गर्नुहुँदैन । व्यापार–व्यवसाय मध्यम फलदायी छ । धार्मिक एवम् सामाजिक काममा मन जाने छ । पढाइ–लेखाइ ठिकै देखिन्छ । मन चञ्चल र गरिआएका काममा भने बाधा व्यवधान आउला । भलाकुसारीमा समय बित्ला ।

## मकवानपुर होटल एसोसिएसनको
## १६औं वार्षिक साधारणसभा तथा अधिवेशन सम्बन्धी सूचना

मकवानपुर होटल एसोसिएसनको १६औं वार्षिक साधारणसभा तथा सातौं अधिवेशन तपसील बमोजिम आयोजना गरिएको हुँदा सम्पूर्ण व्यवसायीलाई आफ्नो सदस्यता नवीकरण गर्नु भई साधारणसभा तथा अधिवेशनमा सहभागी भइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**
मिति : २०८१ चैत्र ९ गते
समय : बिहान ८ बजे
स्थान : होटल एभोकाडो एण्ड अर्किड रिसोर्ट

**अध्यक्ष**
**मकवानपुर होटल एसोसिएसन**

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
## जनस्वास्थ्य कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश

## औजारउपकरणखरीद सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

*(प्रथम पटक प्रकाशित मिति: २०८१/११/०१)*

आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार जनस्वास्थ्य कार्यालय, मकवानपुरको लागि दरभाउपत्रको माध्यमबाट विद्यालय नर्सहरुका लागि ल्यापटप खरिद गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त इच्छुक बिक्रेता, फर्म वा संस्थाहरुले मिति २०८१/११/१८ गते सम्म रु. १,०००/०० (रुपैंया एक हजार मात्र) पछि फिर्ता नहुने गरी यस कार्यालयको कोड नं. ३७००१३२१६३ खाता नं. १०००१००२०००१०००० राजश्व शीर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैङ्क, हेटौंडा शाखामा जम्मा गरेको सक्कल राजश्व भौचर सहित दरभाउ पत्रदाताले आ.व. २०८१/८२ का लागि नवीकरण गरेको कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर (९/१) र मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा आ.व. २०८०/८१ को करचुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी मिति २०८१/११/१८ गते दिनको १२:०० बजे भित्र e-submission मार्फत मात्र भर्न सकिनेछ । यसको लागि www.bolpatra.gov.np/egp मा फारम उपलब्ध छ। यस सम्बन्धमा विस्तृत सूचना कार्यालयको सूचना घाटीमा टाँस गरिएको छ।

**कार्यालय प्रमुख**

## VACANCY ANNOUNCEMENT

MIHM
MEGHA INSTITUTE OF HOTEL MANAGEMENT
*The art of meeting your highest expectations*

**Positions:** Receptionist/ Marketing staff/ Accountant (Only female candidate can apply)
**Location:** Megha Institute of Hotel Management, Hetauda-4, Sheetal Mahal Bhavan.
**Employment Type:** Full-time

**About Us:**
***Megha Institute of Hotel Management*** *is a leading institute dedicated to providing high-quality hospitality training, including Diploma in Culinary Arts, Barista, Sushi, Bakery, Bartender, Waitstaff, Housekeeping, Naan-Tandoori, and other cooking courses. We are looking for a dynamic and professional Receptionist, Marketing staff and an Accountant to manage operations and to support our administrative team.*

**Requirements:**
- *Minimum +2 levels completed (Priority for Hotel Management graduates).*
- *Proficiency in MS-Word, Excel, and Photoshop.*
- *Strong communication skills in both Nepali and English.*
- *Basic accounting knowledge (billing, record-keeping, cash handling).*
- *Pleasant personality with a customer-friendly attitude.*

**Responsibilities:**
- *Greet and assist students, visitors, and staff.*
- *Handle phone calls, emails, and inquiries professionally.*
- *Maintain student records, registrations, and course schedules.*
- *Perform basic accounting tasks (fee collection, record maintenance).*
- *Assist in preparing promotional materials using Photoshop.*
- *Support the management team in daily administrative tasks.*

**Benefits:**
- *Attractive salary based on experience.*
- *Professional growth opportunities.*

**How to Apply:** *Interested candidates can visit our office for direct application with their updated CV and a recent photograph.* **Application Deadline: 2081/10/28.**
For more details, contact us: 057-524042

**Join us and be a part of a dynamic hospitality training institute!**

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# विद्यार्थीलाई लेख्न प्रेरित गर्ने सम्पादक श्रेष्ठ सम्मानित



*सम्पादक श्रेष्ठलाई सम्मान गरिँदै ।*

**समाज संवाददाता**

हेटौँडा : विद्यार्थीका रचनालाई स्थान दिएर विद्यार्थीलाई लेख्न प्रेरित गरेको भन्दै समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठ सम्मानित हुनुभएको छ । हेटौँडा-१६, हटियास्थित रेडरोज इंग्लिस बोर्डिङ स्कूलले शुक्रबार ३४ औं अभिभावक दिवसको अवसर पारेर सम्पादक श्रेष्ठलाई नगद ५ हजार रुपैयाँसहित सम्मान गरेको हो ।

समृद्ध समाज दैनिकले विद्यार्थीमा पठन संस्कृतिको विकास तथा लेखन अभ्यासलाई पनि प्रेरित गर्ने गरी बुधबार र शनिबार विद्यार्थीका लेख, निबन्ध, कविता, कथा, मुक्तक, गजल, चित्रकला समावेश गर्ने गरेको छ। बुधबार पेज २ र ३ मा विद्यार्थीका रचनासँगै विद्यार्थी परिचय समेत प्रकाशन गर्ने गरिएको छ भने शनिबार पनि पेज २ र ३ मा विद्यार्थीका रचनालाई समावेश गर्ने गरिएको छ । विद्यार्थीलाई अध्ययन सँगसँगै लेखनमा पनि प्रेरित गर्न सक्दा विद्यार्थीमा पठन संस्कृतिको विकाससँगै अभिव्यक्ति कलाको विकास हुने ठहर गर्दै समृद्ध समाज दैनिकले विद्यार्थीलाई लेखनमा प्रेरित गर्ने गरेको छ ।

सम्मानपछि बोल्नुहुँदै सम्पादक श्रेष्ठले विद्यार्थीलाई लेखनका लागि प्रेरित गर्ने उद्देश्यले शिक्षकको सहयोगमा उल्लेखनीय कार्य हुँदै आएको बताउनुभयो । विद्यार्थीलाई शिक्षक र घर परिवारले पनि सहजीकरण गरिदिने हो भने विद्यार्थीको नियमित पठनपाठनका साथसाथै समसामयिक तथा आफ्नो रुचिको क्षेत्रमा अध्ययन गरेर लेख्न विद्यार्थी तयार हुने गरेको सम्पादक श्रेष्ठको दावी छ । विद्यार्थीलाई सुरुवाती समय लेखनमा आकर्षित गर्न मिहिनेत गर्नु परे पनि पत्रिकामा रचना प्रकाशित हुन थालेपछि विद्यार्थीहरु लेखनमा सक्रिय हुने गरेको उहाँले जानकारी दिनुभयो ।

पठन संस्कृतिको विकास गर्ने उद्देश्यले नै रेडरोजले अभिभावक दिवसको अवसरमा अतिथिलाई मायाको चिनोस्वरुप पुस्तक प्रदान गरेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मदन दाहालको अध्यक्षता तथा राष्ट्रिय परीक्षा बोर्ड हेटौँडाका प्रमुख कृष्णप्रसाद घिमिरेको प्रमुख आतिथ्यमा अभिभावक भेला भएको हो । कार्यक्रममा निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन मकवानपुरका अध्यक्ष विनोद सुवेदी, हेटौँडा उपमहानगर समितिका अध्यक्ष रामकुमार श्रेष्ठको पनि आतिथ्य रहेको थियो ।

अभिभावक दिवसको अवसरमा अभिभावक, शिक्षक, विद्यार्थीलाई सम्मान समेत गरिएको थियो । विद्यालयले ३ वर्ष भन्दा बढी अवधि सेवा गरेका शिक्षकहरु प्रयास अधिकारी, पूर्णिमा पोखरेल र सुजिता रुम्बालाई सम्मान गरेको छ । यस्तै अभिभावकतर्फ सम्झना सुवेदी, सविता विडारी, कृष्णमाया मोक्तान र सृजना अधिकारीलाई सम्मान गरेको छ। २०८० को एसईईमा ३.६ जीपीए भन्दा बढी अंक हासिल गरी उत्तीर्ण हुने विद्यार्थीहरु कृष्मा गजुरेल, रिकास धिताल, मिस्मा थापा मगर, अनुशासित विद्यार्थी कक्षा ९ का कुशल राना र कक्षा ८ युनिका गरन्जालाई पनि सम्मान गरिएको छ ।

लेखन कलामा विद्यार्थी प्रेरित भएकै कारण हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूल र हेटौँडा-८, कमानेस्थित कमाने एकेडेमीले पत्रिकाको स्थान खरिद गरेर साप्ताहिक र पाक्षिक रुपमा विद्यार्थीका रचना प्रकाशन गर्दै आएको छ। यसअघि हेटौँडा-१८, हर्नामाडीस्थित मकवानपुर बालविद्या सदनले पनि साताको दुई दिन विद्यार्थीका रचना समृद्ध समाज राष्ट्रिय दैनिकमा प्रकाशन गर्दै आएको थियो ।

## प्रधानमन्त्री कप क्रिकेट छनोट

# फाइनलमा मकवानपुर र ओमनगर




*म्यान अफ द म्याच रोहित ठाकुरलाई ट्रफी हस्तान्तरण गरिँदै ।*

**समाज संवाददाता**

हेटौँडा : हेटौँडा-४, हुप्रचौरमा जारी प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगिताको फाइनलमा मकवानपुर क्रिकेट क्लब र ओमनगर क्रिकेट क्लब प्रवेश गरेको छ। मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा बिहीबार भएको पहिलो खेलमा जित निकाल्दै मकवानपुर क्रिकेट क्लब र दोस्रो खेलमा जित निकाल्दै ओमनगर क्रिकेट क्लबले फाइनलको यात्रा तय गरेको हो ।

पहिलो खेलमा मकवानपुर क्रिकेट क्लबले मकवानपुरगढीलाई ८ विकेटले हराएको थियो भने दोस्रो खेलमा कमाने क्रिकेट क्लबलाई ओमनगरले ३० रनले हराएको थियो । टस जितेर पहिले व्याटिङ गरेको मकवानपुरगढीको टिमले निर्धारित २५ ओभरमा ९ विकेटको क्षतिमा १ सय २० रन बनाएको थियो । रितेश अधिकारीले ३८ रन बनाएका थिए भने सागर लामिछानेले ३७ रन बनाएको थियो । यस्तै विनम्र अधिकारीले १३ रन बनाएका थिए । बलिङतर्फ मकवानपुर क्रिकेट क्लबका राम नरेश गिरीले सर्वाधिक ३ विकेट लिएका थिए । टिम कप्तान सुमन सुनार र शिवशक्ति महतोले समान २/२ विकेट लिएका थिए। म्यान अफ द म्याच सुमन सुनार घोषित भए ।

१ सय २० रनको लक्ष्य पछ्याएर जवाफी व्याटिङ्मा उत्रिएको मकवानपुर क्रिकेट क्लबले १२ ओभरमा २ विकेट गुमाउँदै लक्ष्य भेट्टायो। तक्षक सिम्खडाले २२ रन, सुमन सुनारले १९ रन, इरफान अलिले १८ रन र विशेष थापाले १३ रन बनाएका थिए ।

यस्तै, बिहिबार नै भएको दोस्रो खेलमा टस जितेर पहिलो व्याटिङ गरेको ओमनगरले निर्धारित २५ ओभरमा ६ विकेट गुमाएर १ सय ८० रन बनाएको थियो । गौरव खड्काले ५९ रन र रोहित ठाकुरले ४४ रन बनाएका थिए। जवाफी व्याटिङमा उत्रिएको कमानेले निर्धारित २५ ओभरमा १ सय ५१ रन बनाउँदै अल आउट भयो। कमानेका रमेश लुइटेलले ६१ रन बनाएका थिए। बलिङतर्फ रोहित ठाकुरले ३ विकेट लिएका थिए । म्यान अफ द म्याच रोहित ठाकुर भएका छन् ।

प्रतियोगितामा सहभागी भएका खेलाडीहरुमध्ये पहिलो चरणमा १८ जना खेलाडी छनोट गरेपछि १४ जनालाई प्रारम्भिक सूचीमा राख्ने क्यान मकवानपुरले जनाएको छ। छनोट प्रतियोगिताको फाइनल खेल आइतबार हुनेछ । प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने सर्वोकृष्ट खेलाडी, सर्वोकृष्ट ब्याट्सम्यान, सर्वोकृष्ट बलरलाई पनि ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

# भिरबाट लडेर मृत्यु

**समाज संवाददाता**

हेटौँडा : दोलखा जिल्लाको शैलुङ गाउँपालिका-२ स्थित कामाङ सामुदायिक वनको भिरबाट लडेर बुधबार एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा शैलुङ गाउँपालिका-२, पुरानोगाँउका ६८ वर्षीय वीरबहादुर तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

घरदेखि करिब ३ किलोमिटर टाढाको जंगलमा पत्कर सोर्ने क्रममा भिरबाट करिब १०० मिटर तल लडेर घाईते भएका तामाङलाई उपचारका लागि न्युरो अस्पताल काठमाडौं लगिएको थियो। टाउको, शरीरको विभिन्न भागमा गम्भीर चोट लागेका तामाङको बुधबार राती १ बजेर ३० मिनेटको समयमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# भैंसीले हान्दा वृद्धको मृत्यु

**समाज संवाददाता**

हेटौँडा : सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका-३, नौबिसेमा बुधबार भैंसीले हान्दा एकजना वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा सुनकोशी गाउँपालिका-३, नौबिसेका ७५ वर्षीय गोपाल घर्ती रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

फणिन्द्र भुजेलको गोठमा बाँधेको भैंसीलाई घाँस हाल्न जाँदा घर्तीको मृत्यु भएको हो । अचानक भैंसीले बाँधिरहेको किला भाँचेर आक्रमण गरेको प्रहरीको भनाइ छ । घर्तीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।







# हार्दिक श्रद्धाञ्जली



जन्म: २०१४/०४/२८

स्वर्गारोहण २०८१/१०/२०

**स्व: शुभ कुमारी कुँवर**

यस भुटनदेवी सामुदायिक वन समूह हेटौंडा–१० सिसौघारीका पूर्वअध्यक्ष एवम् सल्लाहकार श्री शंकर कुँवर ज्यूको ममतामयी माता **शुभकुमारी कुँवर**को असामयिक निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **१३ औं दिन**को पूण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित समवेदना प्रकट गर्दछौं ।

**सोम बहादुर लामा, अध्यक्ष**
**एवम्**
**भूटनदेवी सामुदायिक वन उपभोक्ता समूह परिवार**


# सूचना । सूचना । सूचना ।

मिति २०८१/१०/२४ गतेदेखि २०८१/१०/३० गतेसम्म भेडा, बाख्रामा लाग्ने महामारी पि पि आर रोग नियन्त्रण तथा रोकथामका लागि सप्ताहव्यापी खोप अभियान संचालन हुन गइरहेकाले आफ्ना भेडा बाख्राहरुलाई पि पि आर रोग विरुद्धको खोप लगाउन नजिकको पशु सेवा शाखामा सम्पर्क गर्नुहुन सबैमा अनुरोध छ ।

पि पि आर भेडा बाख्रामा विषाणुको कारणले लाग्ने महामारी रोग हो । यो रोग लागिसकेपछि संक्रमित पशुको मृत्युदर १०४ देखि ९०% सम्म हुने र ठुलो आर्थिक क्षति हुने भएकाले यस रोग बिरुद्ध खोप लगाई आफ्ना पशुधनलाई सुरक्षित गर्नु उचित हुनेछ ।

**नोट**: परिचयपत्र प्राप्त खोपकर्ताहरुबाट आफ्ना भेडा बाख्रालाई खोप लगाउनुहुन अनुरोध छ ।

**थप जानकारीका लागि**

**पशु सेवा कार्यालय, मकवानपुर**

**९८५५०२७७२९, ९८४५६७४१८२**

# श्री मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*(सूचना प्रकाशित मिति: २०८१/१०/२९)*

**निंचेदक: चने कुमारी श्रेष्ठ समेत २ जना**
**जग्गाधनी: रत्न लाल श्रेष्ठ र गणेश बहादुर श्रेष्ठ समेत २ (दुई) जना**

जिल्ला मकवानपुर बजबाराही गा.वि.स वडा नं. २ हाल थाहा नगरपालिका वडा नं.६ बस्ने चन कुमारी श्रेष्ठ समेत २ (दुई) जनाले हाम्रा ससुरा तथा बाबु रत्न लाल श्रेष्ठ र गणेश बहादुर श्रेष्ठ समेतका नाममा मकवानपुर जिल्ला टिष्टुङ वडा नं.२ कि.नं. ५२३ र ५२६ क्षेत्रफल ०-४-१-१ र १-१४-०-३ को जग्गा नापनक्सा भै फिल्डबुक कायम भएको फिल्डबुकको कैफियत व्यहोरामा यो जग्गा सेते श्रेष्ठको नम्बरी हो । निज मरि हक खाने भतिजा रत्न लाल श्रेष्ठ र गणेश बहादुर श्रेष्ठको नाउँमा दर्ता हुने हो भनि सही गर्ने भनि उल्लेख भएको रत्न लाल श्रेष्ठको मिति २०७३।०१।०७ मा र निजको एक मात्र श्रीमती भिम माया श्रेष्ठ मिति २०६४।११।१३ मा परलोक हुनु भएको निजहरुबाट २ (दुई) छोरीहरु र एकमात्र छोरा तुलसी राम श्रेष्ठको जायजन्म भएकोमा छोरीहरुको विवाहदान भैसकेको र तुलसीराम श्रेष्ठको मिति २०८१।०४।०७ मा परलोक हुन् भएको निजको हक खाने एक मात्र श्रीमती चन कुमारी श्रेष्ठ भएको, निजहरुबाट एक छोरा मुस्कल श्रेष्ठ र ४ (चार) छोरीहरु जायजन्म भएकोमा जेठी छोरी रविना श्रेष्ठको विवाहदान भई सकेको, तिन छोरीहरु सविना श्रेष्ठ रजिना श्रेष्ठ र मिना श्रेष्ठ भएको र निज रत्न लाल श्रेष्ठको भाई गणेश बहादुर श्रेष्ठको मिति २०६३।१२।२९ मा र निजको श्रीमती झ्याली माया श्रेष्ठको मिति २०५०।०४।१५ मा परलोक हुन् भएको निजहरुबाट ३(तिन) छोरीहरुको जन्म: भएकोमा निजहरुको विवाहदान भइसकेको र एकमात्र छोरा विष्णुराम श्रेष्ठको जन्म भएको हुदाँ मृतक रत्न लाल श्रेष्ठ र गणेश बहादुर श्रेष्ठको नामबाट छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि थाहा नगरपालिका ६ नं. वडा कार्यालयको सिफारिससहित मागदावी निवेदन अनुसार उल्लेखित कित्ता जग्गाहरुमा माथि उल्लेखित हकदार बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गा दर्ता तथा नामसारी हुनु नपर्ने अन्य कुनै कारण भए सबुत प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र यस कार्यालयमा स-प्रमाणसहित उजुरबाजुर गर्न आउनुहोला । अन्यथा निवेदकहरुको मागदावी बमोजिम छुट जग्गा तथा नामसारी भई जाने व्यहोरा सर्वसाधारणहरुको जानकारीका यो सूचना प्रकाशित गरिएको छ ।

# आदरणीय वडावासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको सविधानको भाग ३, मौलिक हकको धारा ३९ मा बालबालिकाको हकसम्बन्धी व्यवस्था भएको स्थानीय सरकार सञ्चालन ऐन, २००४ तथा बालबालिकासम्बन्धी ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न। गराउनका लागि यो वडा तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर-किशोरीहरुले विवाह गरे गराएका दुबै पक्ष कानुन बमोजिम दण्डनीय भई उक्त २० वर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आृनो तर्फबाट सचेत भई अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनका लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ वर्ष मुनिका बालबलिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै मोटर ग्यारेज, होटेल, गिट्टी बलुवा ढुवानी आदि) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठानपाठन कार्यमा संलग्न गर्न, गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए गरेमा कानुन बमोजिम भई जाने व्यहोरा पनि जानकारी गराइन्छ ।

**नरनाथ सुवेदी, वडाध्यक्ष**
**एवम् १९ नम्बर कार्यालय**
**हेटौँडा उपमहानगरपालिका**


# रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थान: हेटौंडा-१ राप्तीरोड मकवानपुर**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ